"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

फोन नं. : ०११-४९९४५१
Phone No. : 011-499451
फ्याक्स नं. : ०११-४९९२६७
Fax No. : 011-499267

प.सं. :- ०८०।८१
च.नं. (Ref. No.) :- ५५३

मिति : २०८०।०५।१९

श्री वडा अध्यक्षज्यू,
वडा कार्यालय सबै (१ देखि १३),
पाँचखाल नगरपालिका ।

**विषय : पूनः ताकेता सम्बन्धमा ।**

प्रस्तुत विषयको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. २०७९।८० च.नं. १९७ मिति २०८०।०३।२९ को पत्रको व्यहोरा अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको "लाभग्राही परिचयपत्र नवीकरण" गर्ने/गराउँने समयावधी भदौ मसान्त सम्म रहेको व्यवस्था उल्लेख भए अनुसार MIS प्रणालीमा विवरण हेर्दा अझै ३३९ जना लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्न बाँकी देखिएको हुँदा तोकिएको समय सीमा भित्र लाभग्राही स्वयम सम्बन्धित वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र अनिवार्य नवीकरण गर्नु/गराउँनुहुन पूनः ताकेता गरिएको वेहोरा अनुरोध छ । स्मरणीयः तोकिएको समय सीमा भित्रै सा.सु भत्ता लाभग्राही परिचयपत्र नवीकरण नगराएमा MIS प्रणालीको लाभग्राही सूचीबाट स्वतः नाम हट्न गई भत्ता रकम कट्टा हुने साथै अन्य व्यवस्था सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ र सामाजिक सुरक्षा कार्यविधि, २०७७ बमोजिम हुने वेहोरा जानकारीको लागि अनुरोध छ ।

२०८०।०५।१९
.................
(सन्तोष पौड्याल)
शाखा अधिकृत

**बोधार्थ,**
१. सूचना अधिकारीः जानकारीको लागि ।
२. सूचना प्रविधि शाखाः सूचना website मा Upload गरिदिनुहुन ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरवार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७३/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- रा.सु. १५८

मितिः २०८०/०३/२९

बिषय- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै,

प्रस्तुत सम्बन्धमा तहाँ मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुको सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ वमोजिम आर्थिक बर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालय मार्फत देहायको प्रक्रिया अपनाई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन हुन अनुरोध छ।

**देहाय**

१. परिचयपत्र नवीकरणको समयावधि र प्रक्रियाकाबारे सम्पूर्ण लाभग्राहीलाई स्थानीय संचार माध्यम र सम्बन्धित वडा कार्यालय मार्फत सुसुचित गराउने । परिचयपत्र नवीकरण नभएका लाभग्राहीको स्वत लगत कट्टा हुने व्यहोरा समेत जानकारी गराउने,
२. परिचयपत्र नवीकरण गर्दा सम्पूर्ण लाभग्राहीको बैंक खाता अद्यावधिक गर्ने,
३. लाभग्राहीको नागरिकता नं. जारी मिति, जारी गर्ने जिल्ला र तिन पुस्ते विवरण अद्यावधिक गरी नागरिकता प्रमाणपत्रको स्क्यान कपी प्रणालीमा अपलोड गर्ने,
४. प्रणालीमा लाभग्राहीको मोबाईल नं. अद्यावधिक गर्दा सम्बन्धित लाभग्राहीको मोबाईल नं. राख्ने । लाभग्राहीको मोबाइल नं. नभएको अवस्थामा निजको परिवार वा वास्तविक संरक्षकको मात्र मोबाइल नं. राख्ने,
५. परिचयपत्र नवीकरण भए पछि नवीकरण गरिएको निस्सा सम्बन्धित लाभग्राहीलाई उपलब्ध गराउने,
६. कुनै लाभग्राही परिचयपत्र नवीकरण गर्ने समयावधि व्यतित भए पछि नवीकरणको लागि आएमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ वमोजिम निवेदन लिई प्रकिया अगाडि बढाउने ।

समीर भण्डारी
शाखा अधिकृत

पाँचखाल नगरकार्यपालिकाको कार्यालय
दर्ता मिति: २०८०/३/३१
दर्ता नं.: 2622
दर्ता गर्नेको हस्ताक्षर:



Scanned with CamScanner

११. **आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई स्याहार भत्ता:** (१) आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेछन्।

(२) उपदफा (१) बमोजिम आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकका लागि भत्ता दिने प्रकृया तोकिए बमोजिम हुनेछ।

१२. **निवेदन दिनु पर्ने:** (१) दफा ३ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

तर आफैंले निवेदन दिन नसक्ने व्यक्तिको तर्फबाट निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ।

(२) दफा ९ बमोजिम बालबालिकाले पाउने सामाजिक सुरक्षा भत्ताको लागि उपदफा (१) बमोजिम निवेदन दिंदा जन्मदर्ता गरेको अभिलेखको प्रमाण समेत पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय तहले सात दिनभित्र आवश्यक कारबाही गरी निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा सामाजिक सुरक्षा भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको निवेदनको ढाँचा तथा संलग्न गर्नुपर्ने कागजात तोकिए बमोजिम हुनेछ।